
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ १० गते बुधबार ❑ 24 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## जनतालाई केन्द्रमा राखे कांग्रेस बलियो हुन्छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ माघ

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली जनतालाई केन्द्रमा राखेर उनीहरूको हितमा काम गर्दा नै कांग्रेस बलियो हुने बताउनुभएको छ। नेपाली कांग्रेस कास्कीको जिल्ला सम्मेलनको मंगलबार पोखरामा उद्घाटन गर्दै उहाँले लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुने बताउनुभयो।

सभापति देउवाले कांग्रेस नेपाली जनताको काम गर्न स्थापना भएको पार्टी भएको उल्लेख गर्दै देशका जुनसुकै कुनामा रहेका सर्वसाधारणको बीचमा पुगी उनीहरूको सुख दुःखमा साथ दिनुपर्नेमा जोड दिनुभयो । "कांग्रेसलाई ठूलो पार्टीको रुपमा स्थापित गर्न पार्टीभित्रको एकता बलियो हुनु आवश्यक छ", उहाँले भन्नुभयो, "राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र पार्टीलाई बचाउन कांग्रेस एक ढिक्का भएर अगाडि बढ्नै पर्छ।" नेपाली कांग्रेसलाई ठूलो पार्टीको रुपमा विकास गर्न



विभिन्न पार्टीसँग निर्वाचनमा गठबन्धन गर्दै अघि बढेको र देशको राजनीतिक परिस्थितिलाई हेरेर गठबन्धन गर्नुपरेको उहाँले बताउनुभयो । लोकतान्त्रिक संविधानमाथि आक्रमण भइरहेको बेला लोकतन्त्रवादी एक भएर त्यसलाई बचाउन जरुरी भएको उल्लेख गर्दै सभापति देउवाले माओवादीलाईशान्तिसम्झौतामार्फत लोकतान्त्रिक प्रक्रियामा ल्याएको बताउनुभयो । "नेपालको संविधानले सबै जातजातिलाई समान सहभागीताको व्यवस्था गरेको छ, राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था गरिएको छ", उहाँले भन्नुभयो । हरेक पालिकामा प्रमुख वा उपप्रमुख महिला हुनैपर्ने व्यवस्था नेपालको संविधानले गरेको उल्लेख गर्दै सभापति देउवाले यस्तो व्यवस्था अन्य कुनै पनि राष्ट्रको संविधानमा नभएको दाबी गर्नुभयो।

पोखरा पर्यटकीय सहर भएकाले यहाँको ताल संरक्षण र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नियमितरुपमा सञ्चालन गर्न कांग्रेस सक्रियरुपमा लाग्ने भन्दै सभापति देउवाले यहाँको पर्यटनको विकासमा पार्टीले ध्यान दिने बताउनुभयो। नेपाली कांग्रेसका पूर्वमहामन्त्री शशाङ्क कोइरालाले हरेक कार्यकर्ताले बिपीको सिद्धान्तलाई अँगालेर अगाडि बढ्न सके देशमा उद्यमशीलताको विकाससँगै समृद्धि हासिल हुने बताउनुभयो।

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले पार्टीलाई एक ढिक्का बनाएर निर्वाचनमा लोकप्रिय नेतालाई मात्र टिकट दिनुपर्नेमा जोड दिनुभयो । कांग्रेसभित्रको गुट उपगुटलाई पन्छाउँदै अगाडि बढ्न सके मात्र पार्टी बलियो हुने उहाँको भनाइ थियो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयताको मर्म र भावनाअनुसार सङ्घीयतालाई बलियो बनाउने कुरामा पार्टी नेतृत्व लाग्नुपर्नेमा जोड दिनुभयो । कांग्रेसका केन्द्रीय सदस्य अर्जुन जोशीले लोकतन्त्रको रक्षा कांग्रेसले मात्र गर्नसक्ने भएकाले कांग्रेस सुधारिनुको विकल्प नभएको बताउनुभयो।

कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रदीप पौडेल, गोविन्द भट्टराई, गुरु बराल, शारदा पौडेल, उर्मिला थपलिया, सरस्वती अर्याललगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो।

## आहा रारा पोखरा गोल्ड कप सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ माघ

पोखरामा आहा रारा पोखरा गोल्ड कप सुरु भएको छ। सहारा क्लवको आयोजनामा मंगलबार देखि उक्त प्रतियोगिता सुरु भएको हो।

उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई पराजित गर्दै श्री स्टार क्लव २३ औं संस्करणको आहा रारा पोखरा गोल्ड कपको क्वाटरफाइनलमा प्रबेश गरेको छ । पहिलो प्रि-क्वाटरफाइनल खेलमा श्री स्टारले आयोजक सहारा क्लबलाई २-१ को गोल अन्तरले पराजित गर्दै अन्तिम आठमा यात्रा बनाएको हो।

श्री स्टारका योगेश गुरुङले एक गोल गरे भने सहाराका आसिस गुरुङले एक गोल गर्दा सहाराको एक गोलको उपहारले श्री स्टार क्वाटरफाइनलमा यात्रा बनाएको हो । श्री स्टारका योगेश गुरुङले खेलको ६ मिनेमै पहिलो गोल गरी टिमलाई अग्रता दिलाउनु भयो। खेलको २३ औं मिनेटमा सहाराले घरेलु मैदानको फाइदा उठाउदै खेल बराबरीमा पुग्यो। खेलमा सहाराका आसिस गुरुङले गोल गरी खेल बराबरीमा पुर्‍याएका हुन् । खेलको ५९ औं मिनेटमा श्री स्टारका एन्जल महर्जनले प्रहार गरेको फ्रिकिक बललाई बचाउन खोज्दा सहाराका अनिस तामाङको हेड फिक्क भई गोल भएको थियो। खेलमा श्री स्टारका योगेश गुरुङ म्यान अफ दी म्याच घोषित हुनु भयो।



श्री स्टारले अब यही माघ १३ गते पाहुना टोली भुटानको पारो एफ.सी.संग क्वाटरफाइनलमा प्रतिष्प्रर्धा गर्ने भएको छ । श्री स्टारका प्रशिक्षक बिक्रम लामाले खेलाडीबाट हाल पहिलो पटक प्रशिक्षक भयर भूमिका निभाउन निकै कठिन भएको अनुभव सुनाउदै आफ्नो टिमले अपेक्षा गरे अनुसार खेलेको बताउनु भयो। सहाराका प्रशिक्षक शुनिल राना मगरले श्री स्टारसंग उत्कृष्ट खेल खेल्दा खेल्दै दुभाग्यवश आत्मघाती गोलले गर्दा पराजित हुनु परेको बताउनु भयो।

सैबिच, बुधबार राइजिङ स्टार क्लव बिरुद्ध त्रिभुवन आर्मी क्लव बिचको खेल हुने भएको प्रतियोगिताका संयोजक पूर्ण बहादुर गुरुङले बताउनु भयो। यही माघ बीस गतेसम्म संचालन हुने प्रतियोगिताको पोखराका मेयर धनराज आचार्यले उद्घाटन गर्दै उक्त प्रतियोगितालाई महानगरले संरक्षकको भूमिकामा रहेको बताउदै यस्ता खेल गतिविधिले पोखराको खेल पर्यटनको प्रबर्द्धन हुने जनाउनु भयो। मुख्य प्रायोजक हिमश्री फुड्स प्रा.लि.का निर्देशक प्रकाश के.सी.ले आफ्ना बाबु सुर्य बहादुर केसीको सपना पुरा गर्ने गरी आफुहरुले उक्त प्रतियोगितालाई निरन्तर रुपमा सहयोग गर्ने वचन दिनु भयो । पृथ्वीराजमार्ग बस संचालक कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले पोखराको उक्त प्रतियोगितालाई सबैले साथ र सहयोग गर्नुपर्नेमा जोड दिनु भयो।

प्रतियोगितामा १ विदेशी सहित १२ टिमको सहभागिता रहेको क्लवका अध्यक्ष केशवराज बरालले बताउनु भयो । प्रतियोगितामा विजेताले १२ लाख १ हजार रुपैयाँ नगद पाउने छ भने उपविजेता क्लबले ६ लाख १ हजारको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने भएको महासचिव रामजी प्रसाद अधिकारीले बताउनु भयो।

यसैबिच, राष्ट्रिय खेलाडी आयुष घलान उक्त प्रतियोगिताको उद्घाटनको अवसरमा बर्ष उत्कृष्ट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## हेमजाका राष्ट्रिय प्रतिभा सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ माघ

शिक्षासेवीटीकारामबास्तोलाको स्मृतिमा हेमजाका राष्ट्रिय प्रतिभा सम्मानित भएका छन्।

यसरी सम्मानित हुनेमा भाषासेवी मुकुन्दशरण उपाध्याय, प्यारासुट जम्प गर्ने पहिलो साहसी महिला अन्नपूर्णा कुँवर, हेमजाका व्यावसायिक कृषक शोभाकर तिम्सिना, साहित्यसेवी कृष्ण उदासी, र मानवसेवा आश्रम पोखरा-२५ रहेका छन्। उनीहरूलाई १२ हजार एकसय पाँच नगद राशिसहित सम्मान गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरका प्रवक्ता मोतिराज



तिमिल्सिना, टीकाराम बास्तोला स्मृति कोषका संस्थापकद्वय डा. दिनेश बास्तोला, ई. रमेश बास्तोला र संस्थाका अध्यक्ष बलराम पौडेलले संयुक्त रूपमा सम्मान अर्पण गरे।

महानगरका प्रवक्ता मोतिराज तिमिल्सिनाले टीकाराम बास्तोलालाई आफ्नो गुरु भन्न पाउँदा गौरवबोध हुने गरेको स्मरण गरे । उनले बास्तोलाले शिक्षा, साहित्य र समाजसेवाका क्षेत्रमा देखाएको बाटो हिँड्न सके नै उहाँप्रति सच्चा सम्मान हुने बताए। सम्मानित प्रतिभा मुकुन्दशरण उपाध्यायले टीकाराम बास्तोलाले आफ्नो उर्जाशील जीवनमा बालेको सत् कर्मको ज्योति आज जाज्वल्यमान भएर बलेको धारणा राखे। अन्नपूर्णा कुँवरले आफूलाई विद्यामन्दिर भित्रको सिकारु पुजारीका रूपमा चिनाइन्। उनले टीकाराम बास्तोला, मुकुन्दशरणलगायतका गुरुहरूबाट हाम्रा मौलिक संस्कार, संस्कृति र भाषा सिक्न पाउनु आफ्ना लागि सौभाग्य रहेको बताइन् । सोही समारोह बीच उनले प्रतिष्ठानको कोष स्तरोन्नतिका लागि प्राप्त पुरस्कारमा ५ हजार थपसहित अध्यक्षलाई अर्पण गरिन्। टीकाराम बास्तोला स्मृति कोषका संस्थापक डा. दिनेश बास्तोलाले आफू आजका दिनमा यो अवस्थामा रहनका लागि हेमजाले नै सिकाएकाले जन्मभूमिको सेवककारूपमा आफूले सक्दासम्म यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए । साथै उनले प्रतिष्ठानको अक्षयकोषका लागि हरेक वर्ष प्रदान गर्दै आएको १६ हजार ५ सय नगदसमेत हस्तान्तरण गरे।

स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमले टीकाराम बास्तोलाका आयाम र अध्यायको सम्मानमा जनस्तरबाट जसरी कार्य भएको छ अब हरेक तहका सरकारले योगदान र क्षमताका आधारमा आफ्ना क्षेत्रका प्रतिभाको संरक्षण र पहिचानमा लाग्न आवश्यक रहेको बताए। सम्मानित प्रतिभाको चिनारी राख्दै प्रतिभा छनौट समितिका संयोजक कृष्णप्रसाद पौडेलले यसपटक फरक-फरक विधामा राष्ट्रिय ख्यातिप्राप्त प्रतिभालाई एउटै मञ्चमा सम्मानित गरिएको जानकारी दिए। पौडेलको संयोजकत्वमा संस्थाका संस्थापक सचिव कोविदशरण उपाध्याय र उपाध्यक्ष सुनिल गायक रहेको तीन सदस्यीय समितिले उक्त प्रतिभाको नाम सिफारिस गरेको थियो। शिक्षासेवी माधवशरण पौडेलले टीकाराम बास्तोलाको चिनारी प्रस्तुत गर्दै शिक्षा, साहित्य र समाजसेवाका त्रिवेणीकारूपमा चिनाए। कार्यक्रममा निवृत्त शिक्षक समाजका अध्यक्ष कृष्णबहादुर कुँवर, सम्मरबहादुर गायक, लालबहादुर गायक र सारंगी पाठशालाका भाइबहिनीले गीतसमेत प्रस्तुत गरेका थिए।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै रमा त्रिपाठीले टीकाराम बास्तोलाले गाउँका छोरीचेली र बुहारीले अध्ययन गर्न पाउनु भन्ने धारणाले हेमजामा क्याम्पस स्थापना गरेको स्मरण गरिन् । संस्थाका अध्यक्ष बलराम पौडेलले हरेक वर्ष माघ ८ गतेका दिन टीकाराम बास्तोलाको स्मृति दिवसमा प्रतिष्ठानले विविध कार्यक्रम सञ्चालन गर्दै आइरहेको जानकारी दिए। सभामा सहसचिव गंगा त्रिपाठी र कोषाध्यक्ष रिता कार्की कुँवरले बास्तोलाका विविध आयामबारे प्रष्ट पारेका थिए।

### चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न

- चिसोमा न्यानो कपडा लगाएर मात्र बाहिर निस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारिरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आयुसलाई सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ माघ

नेपाली राष्ट्रिय फुटबल टोलीका मिडफिल्डर आयुस घलानलाई यस वर्षको सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान प्रदान गरिँदै छ।

सहारा क्लब पोखराको आयोजनामा आजदेखि पोखरा रङ्गशालामा सञ्चालन हुने 'आहा रारा पोखरा गोल्डकप'को २३औँ संस्करणको उद्घाटन समारोहमा सो सम्मान गर्न लागिएको हो।

प्रतिभा छनोटका लागि गठित सिफारिस समितिको सिफारिसबमोजिम क्लबको कार्यसमिति बैठकले आयुसलाई सम्मान गर्ने निर्णय गरेको हो। सम्मानको राशि नगद रु ५० हजार पाँच र सम्मानपत्र छ। राष्ट्रिय टिमका नियमित सदस्य घलाल हेटौँडा उपमहानगरपालिका-१८ निवासी हुनुहुन्छ। सानो उमेरमा राष्ट्रिय टोलीमा स्थान बनाउनुभएका घलानले विश्वकप छनोटअन्तर्गत अष्ट्रेलियाविरुद्धको खेलबाट राष्ट्रिय टोलीमा डेब्यू गर्नुभयो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा राष्ट्रको प्रतिनिधित्व गरी उत्कृष्ट खेल प्रदर्शन गर्दै राष्ट्रको गौरवलाई उच्च राख्ने फुटबल खेलाडीमध्ये एक जनालाई क्लबले बर्सेनि सम्मान गर्दै आएको सहाराका अध्यक्ष केशवराज बरालले बताउनुभयो। विसं २०७४ देखि सञ्चालित यस सम्मान हालसम्म भरत खवास, किरणकुमार लिम्बू, सुजल श्रेष्ठ, अभिषेक रिजाल, अञ्जन विष्ट र अनन्त तामाङ सम्मानित भइसक्नुभएको छ।

आगामी माघ २० गतेसम्म हुने यस वर्षको आहा रारा पोखरा गोल्डकपमा आयोजकसहित १२ टिमले भाग लिएका छन्। प्रतियोगिताको उद्घाटन खेल आयोजक सहारा र थ्रिस्टार क्लबका बीचमा हुनेछ। विजेताले रु १२ लाख एक हजार नगदसहित ट्रफी पुरस्कार प्राप्त गर्नेछन्। उपविजेता टोलीले रु छ लाख एक हजार नगदसहित ट्रफी प्रदान गरिने क्लबले जनाएको छ। सहभागी प्रत्येक टोलीलाई एक खेल खेलेबापत अतिरिक्त प्रोत्साहन रकम प्रदान गरिने बताइन्छ। प्रिक्वाटरफाइनल विजेता र पराजित दुवै टोलीलाई रु २० हजार दरले र क्वाटरफाइनलमा विजेता र पराजित दुवै टोलीलाई रु ३० हजार तथा सेमिफाइनलमा पुग्ने टोलीलाई रु ५० हजारका दरले प्रोत्साहन रकम प्रदान गरिने सहाराका महासचिव रामजीप्रसाद अधिकारीले बताउनुभयो।

यसैगरी 'म्यान अफ दी म्याच'लाई नगद रु १० हजारसहित मेडल पुरस्कार पाउनेछन्। यस वर्षदेखि क्लबले प्रत्येक खेलमा दुई जनालाई भाग्यशाली दर्शक पुरस्कार रु पाँच हजारका दरले प्रदान गर्ने भएको छ। दर्शकको उपस्थिति वृद्धि गर्न र प्रोत्साहनका लागि सो पुरस्कार राखिएको बताइन्छ।

प्रतियोगितामा नेपाल प्रहरी फुटबल क्लब, त्रिभुवन आर्मी, सङ्कटा क्लब, मनाङ मर्स्याङ्दी, जावलाखेल युथ क्लब, मच्छिन्द्र क्लब, चर्च ब्वाइज युनाइटेड फुटबल क्लब, राइजिङ स्टार फुटबल क्लब, थ्रीस्टार क्लब, पारो फुटबल क्लब भुटान, नेपाल एपिएफ क्लब र आयोजक सहारा क्लबको टोली सहभागिता जनाउने छन्। अघिल्लो संस्करणमा सङ्कटा क्लबले उपाधि जितेको थियो भने भुटनिज युथ स्पोर्टस् क्लब मिनोसोटा अमेरिका उपविजेता बनेको थियो।



तोरी खेतीले देखिएको सौदर्य : स्याङ्जाको भीरकोट नगरपालिका-४ गैह्राथोकस्थित आँधीखोला किनारको खेतमा देखिएको पहेँलपुर तोरीको खेती। तस्बिर : तोलाकान्त बगाले/रासस

# पोखरा रंगशाला व्यवस्थापनको जिम्मा कास्की जिल्ला खेलकुदलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ९ माघ

प्रदेश खेलकुद परिषद गण्डकीले पोखरा रंगशाला व्यवस्थापनको जिम्मा जिल्ला खेलकुद विकास समिति कास्कीलाई दिने निर्णय गरेको छ।

प्रदेश खेलकुद परिषदका अध्यक्ष एवं गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिम्खडाको अध्यक्षतामा बसेको परिषदको सातौं बोर्ड बैठकले उक्त निर्णय गरेको हो।

परिषदको निर्देशन अनुसार गठित पोखरा रंगशाला व्यवस्थापन सहजीकरण समितिले पेश गरेको सुझाव र प्रतिवेदनका आधारमा प्रदेश खेलकुद परिषदको अर्को निर्णय नभएसम्मको लागि रंगशालाको व्यवस्थापन जिल्ला खेलकुद विकास समिति कास्कीलाई दिने निर्णय गर्नुका साथै रंगशालाबाट प्राप्त आम्दानी तथा खर्च ३/३ महिनामा परिषदबाट स्विकृत गराई खर्च गर्न सक्ने गरी जिल्ला खेलकुद विकास समिति कास्कीको प्रस्तावित निर्णयलाई परिषदको बैठकले अनुमोदन र समर्थन गर्ने निर्णय गरेको छ।

यो निर्णय संगै रंगशालाको सरसफाई, मर्मत सम्भार, सूरक्षा व्यवस्थापन, पानी र विद्युतीकरणलगायत सम्पूर्ण खेल संघहरुलाई सबै खेलका प्रशिक्षणहरु रंगशाला केन्द्रितको व्यवस्था मिलाउन समेत जिल्ला खेलकुद विकास समिति कास्कीलाई जिम्मेवारी दिने गरी निर्णय गरेको छ। साथै योग खेलको विकास र प्रवर्द्धनका लागि गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्यतर्फले योग अभ्यास र आर्यूवेद सञ्चालनका लागि उपयूक्त कोठा उपलब्ध गराउने निर्णय गरेको छ।

सो निर्णय कार्यान्वयनका लागि पोखरा रंगशाला ब्वयस्थापन सहजीकरण समितिलाई जिम्मेवारी समेत तोकेको छ।

पोखरा रंगशालाको ब्यवस्थापनको जिम्मेवारी जिल्ला खेलकुद विकास समिति कास्कीलाई दिइएको बारे जिल्ला प्रशासन कार्यालय, कास्की, पोखरा महानगरपालिकाको कार्यालय, जिल्ला प्रहरी कार्यालय, कास्की र राष्ट्रिय खेलकुद परिषदलाई बोधार्थ पत्रबाट जानकारी दिएको छ।

# एउटै वडाबाट ११ करोडको सुन्तला बिक्री

**पोखरापत्र संवाददाता**
वालिङ, ९ माघ

स्याङ्जाको भिरकोट नगरपालिका-७ मा यस वर्ष रु ११ करोड बढीको सुन्तला बिक्री भएको छ। बलमाटा, तिलाहार, जिमिरे, लोलुङ्गा, पाङ्साङ, धोबादी, कोलडाँडा, पासिन्डाँडा,चिउरीखर्कलगायतका गाउँबाट सुन्तला उत्पादनका लागि परिचित छ।

भिरकोट -७ का वडाध्यक्ष एवं सुन्तला सुपरजोन स्याङ्जाका सञ्चालक समिति अध्यक्ष ताराप्रसाद अर्यालले आफ्नो वडामा यसवर्ष सुन्तला बिक्रीबाट रु ११ करोड बढी भित्रिएको बताउनुभयो।

करिब एक सय घरपरिवारले व्यावसायिकरूपमा सुन्तला उत्पादन गर्दै आइरहेका उहाँले जानकारी दिनुभयो। "यस वडाका अधिकांश किसान व्यावसायिकरूपमासुन्तलाखेतीमा आबद्ध हुनुहुन्छ", अध्यक्ष अर्यालले भन्नुभयो, "यहाँ यस वर्ष सबैभन्दा थोरैमा रु ५० हजारदेखि लिएर धेरैमा रु ३० लाखसम्म आम्दानी गर्नुभएको छ।" तिहारका बेलादेखि सुन्तला बजार पठाउन सुरु गरेर माघको दोस्रो सातासम्म सबै बिक्री गरिसक्ने अध्यक्ष अर्यालले जानकारी दिनुभयो। सुरुमा प्रतिकेजी रु ४० मा बिक्री गरेको सुन्तला अन्तिममा आइपुग्दा प्रतिकेजी रु ७० का दरले बिक्री भएको जनाइएको छ। "यहाँ उत्पादन भएका सुन्तला किसान आफैँले बिक्री गर्ने, बगैँचा नै ठेक्का दिने वा तौलेर अन्यत्र पठाउने गरिन्छ", उहाँले भन्नुभयो, "विशेषगरी यहाँका सुन्तला काठमाडौँ, पोखरा, नारायणगढ, बुटवलजस्ता सहरमा जाने गरेको छ।"

स्थानीय व्यापारी तथा काठमाडौँबाट आएका व्यापारीले बगैँचा नै ठेक्का लिएर बिक्री गर्ने गरेका छन्। कतिपय किसानले चिनजान र फोन सम्पर्कका आधारमा गाडीबाट व्यापारीकहाँ पठाइदिने गरेका छन्। "गत वर्ष यस वडामा सुन्तला बिक्रीबाट करिब रु १५ करोड भित्रिएको थियो", उहाँले भन्नुभयो, "गत वर्षजस्तो यस वर्ष उत्पादन भएन यसकारण आम्दानी पनि घट्न पुग्यो, आगामी वर्ष नयाँ बोट तयार हुने भएकाले उत्पादन बढ्छ।"

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुन्तला सुपरजोन र भिरकोट नगरपालिकाको ७५ प्रतिशत अनुदानमा बिरुवा, सिँचाइ ट्याङ्की, पाइप वितरण गरिएको अध्यक्ष अर्यालले बताउनुभयो।

नयाँ बिरुवा हुर्कँदै गरेकाले आगामी वर्ष थप पाँच-छ करोड बढी सुन्तला बिक्रीबाट आम्दानी भित्रिने दाबी उहाँको छ। कोदोखेती गर्दै आएका बारीमा अहिले सुन्तलाका बोट देख्न सकिन्छ। सुन्तलाखेतीबाट आम्दानी लिन सकिने भएपछि यहाँका स्थानीय सुन्तलाखेतीतर्फ आकर्षित हुँदै गएका छन्। गत वर्ष स्याङ्जामा सुन्तला बिक्रीबाट रु एक अर्ब २५ करोड भित्रिएको थियो भने यस वर्ष उत्पादन कम भएसँगै आम्दानी पनि केही घट्ने अनुमान कृषि ज्ञान केन्द्र स्याङ्जाले गरेको छ।

# ब्रह्माण्डीय महायज्ञको मौलोसहितको कलश यात्रा पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ माघ

बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा यही फागुन ९ देखि २२ गतेसम्म हुने 'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ'मा राखिने स्वर्णमय धान्य श्रीस्तम्भ (मौलो) र महायज्ञको सङ्कल्पका लागि देशका विभिन्न तीर्थबाट जल सङ्कलन गर्ने उद्देश्यसहित सुरु गरिएको मौलोसहितको कलश यात्रा पोखरा आइपुगेको छ।

माघ ७ गते पञ्चकोटबाट सुरु गरिएको राष्ट्रव्यापी यात्रा देशका प्रमुख सहर एवम् तीर्थस्थलमा पुगी त्यहाँको नगर परिक्रमा एवम् तीर्थ जल सङ्कलन गरी पुनः महायज्ञस्थलमा फर्कने कार्यक्रम रहेको महायज्ञका प्रवक्ता सुदर्शन प्रपन्नाचार्यले जानकारी दिनुभयो। सोमबार पोखरा आइपुगेको कलशयात्रालाई विन्ध्यवासिनी मन्दिरलगायत विभिन्न स्थानमा स्वागत गरिएको र आज पोखराबाट तनहुँको व्यास हुँदै अन्यत्र जाने कार्यक्रम रहेको उहाँले बताउनुभयो। धार्मिकरुपले पवित्र मुक्तिक्षेत्र, शालग्रामवाहिनी कालीगण्डकी किनारका साथै अन्नपूर्ण,धौलागिरिहिमशृङ्खलाको काखमा अवस्थित प्रसिद्ध पञ्चकोट धाममा मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यको सङ्कल्पमा महायज्ञ गर्न लागिएको हो। पञ्चकोट धाम स्थापनाको दशौँ वार्षिकोत्सव पारेर गर्न लागिएको महायज्ञले वैदिक परम्परा प्रवर्द्धन, आध्यात्मिक चेतना अभिवृद्धि, सनातन संस्कृति संरक्षणका साथै नेपालको धार्मिक पर्यटनको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

प्रसिद्धमुक्तिक्षेत्ररशालग्रामको महिमालाई विश्वस्तरमा पुऱ्याउन, गोवंशको संरक्षणार्थ वैदिक सनातन हिन्दू समाजलाई प्रेरित गर्न, नेपालको जलसम्पदा संरक्षण गर्न र हिन्दू धर्मको रक्षा गरी नैतिक, समुन्नत तथा सच्चरित्रवान् नेपाली समाजको निर्माणका लागि नेपालमै पहिलोपटक ब्रह्माण्डीय महायज्ञको आयोजना गरिएको आयोजकले जनाएको छ।

जलसम्पदा संरक्षणको सन्देश विश्वव्यापीरूपमा दिनका लागि जल संरक्षणको प्रतीकस्वरुप पञ्चकोटमा निर्माणाधीन विश्वशान्ति गण्डकी कलश निर्माणलाई पूर्णता दिने र यस यज्ञबाट बाँकी रहेको रकम पञ्चकोटको सर्वाङ्गीण विकासमा प्रयोग गरिने लक्ष्य लिइएको छ।

## आहा ...

खेलाडी पुरस्कारबाट पुरस्कृत हुनु भएको छ। नेपाली फुटवल खेलको विकासमा घलानले पुराएको योगदानलाई क्लवले प्रोत्साहन स्वरुप नगद ५० हजार ५ सय ५५ रुपैया सहित सम्मान गरेको हो। राष्ट्रिय टिमका नियमित सदस्य घलाल हेटौँडा उपमहानगरपालिका-१८ निवासी हुनुहुन्छ। सानो उमेरमा राष्ट्रिय टोलीमा स्थान बनाउनुभएका घलानले विश्वकप छनोट अन्तर्गत अष्ट्रेलियाविरुद्धको खेलबाट राष्ट्रिय टोलीमा डेब्यू गर्नुभयो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा राष्ट्रको प्रतिनिधित्व गरी उत्कृष्ट खेल प्रदर्शन गर्दै राष्ट्रको गौरवलाई उच्च राख्ने फुटबल खेलाडीमध्ये एक जनालाई क्लबले बर्सेनि सम्मान गर्दै आएको सहाराका अध्यक्ष केशवराज बरालले बताउनुभयो।


विसं २०७४ देखि सञ्चालित यस सम्मान हालसम्म भरत खवास, किरणकुमार लिम्बू, सुजल श्रेष्ठ, अभिषेक रिजाल, अञ्जन विष्ट र अनन्त तामाङ सम्मानित भइसक्नुभएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौँ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# जनमत - जसपा दुई ध्रुवमा

मधेश केन्द्रीत दुई दल जनता समाजवादी नेपाल र जनमत पार्टी बीचको लडाईं वारपार भएको छाएक वर्ष अघि मधेशका दुई ठुला दल जसपा र जनमत मधेश प्रदेशम आलोपालो सरकार चलाउने सहमति अहिले हरेक क्षेत्रमा प्रतिद्वन्दता देखिएको छ । दुवै दल केन्द्र र मधेश प्रदेशमा गठबन्धनमा थिए।केन्द्रीय गठबन्धनमा सरकारमा कायमै छन । हरेक जसो मुद्दामा यी दुई दल सत्तापक्ष र प्रतिपक्ष जस्ता देखिदै आएका हुन । संविधानको बिरोध र पहाडे राष्ट्रवादका बिरुद्ध एकै स्वर निकाल्ने दलको संबन्ध राम्रो नदेखिनु सत्ता स्वार्थ हो ।

एउटै सरकारमा बसेर सत्तापक्ष र प्रतिपक्षको भूमिका निर्वाह गर्नु स्वभाविक थिएन। आफ्नो छुट्टै पहिचान बनाउन सिके राउत नेतृत्वको जनमत पार्टीले मधेश प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिंदै आफ्ना दुई मन्त्री फिर्ता बोलाएको छ। जनमतको प्रदेश संसदीय दलको बैठकले मंगलबार सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णय लिएको छ। जनमतका प्रवक्ता शरदसिंह यादवका अनुसार दुई कारणले पार्टीले जसपाका सरोजकुमार यादव मुख्यमन्त्री रहेको सरकारबाट बाहिरिने निर्णय गरेको छ। पहिलो- सत्तागठबन्धनमा भएको सहमतिको उल्लंघन र दोस्रो- मधेशका मुख्यमन्त्रीले शासकीय दम्भ देखाउँदै मधेश कृषि विश्वविद्यालयको शिलान्यासमा जनमतका मन्त्री तथा सांसदमाथि कुटपिट ।

'सत्तागठबन्धनमा जसपाले सुरुको एक वर्ष र त्यसपछि क्रमशः जनमतले एक वर्ष, कांग्रेसले दुई वर्ष मधेश प्रदेश सरकारको नेतृत्व गर्ने सहमति भएको थियो। तर, जसपाले त्यसको उल्लङ्घन गर्दै सरकार चलाइरहेको जनमतको आरोप छ । 'जनमतको विरोधका बाबजुद पनि सोमबार मधेश प्रदेशका मुख्यमन्त्रीले सप्तरीको राजविराजमा रहेको मधेश कृषि विश्वविद्यालयको शिलान्यास अध्यक्ष उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएर गराएपछि सम्बन्ध विच्छेदमा पुगेको छ । सप्तरीबाट जितेर उदाएका नेता डा. सिके राउतको क्षेत्रमा उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाएको विरोध गर्दा सडकमा सेना उतारेर आफ्ना पार्टीका सांसदहरूमाथि लाठी चार्ज गरी मन्त्रीको समेत टाउको फुटाइएको जनमतको आक्रोश छ।

'जसपा नेतृत्वको सरकारले गैरकानुनी रूपमा देखाएको यो दम्भपछि सरकारमा बसिरहन उचित थिएन त्यसैले, सरकारलाई दिएको समर्थन फिर्ता गर्दै सरकारबाट बाहिरिने निर्णय गरेको हो।सत्ता साझेदारका सांसद र कार्यकर्ता माथि सरकारको दमन र भ्रष्टाचारविरुद्ध अब आन्दोलनमा जान मसला मिलेको छ। 'जसपा नेतृत्वको मधेश सरकारले मधेशी जनतामाथि गरेको क्रूर दमन र अत्याचार, सीमान्तकृत र दलितमाथि गरेको विभेद, दर्जनौं काण्डमा गरेको चरम भ्रष्टाचार सरकार छाड्ने निहुँ बनेको छ। मधेशमा भएको दमन र भ्रष्टाचारविरुद्ध आन्दोलन गरेर आफ्नो फरक पहिचान बनाउने मेलो हो।

# पोखराका ७ पत्रकार एकै मञ्चमा पुरस्कृत हुने

पोखरापत्र संवाददाता
पोखरा, ९ माघ

नेपाल पत्रकार महासंघ कास्कीले ७ जना पत्रकारलाई एकै मञ्चमा पुरस्कृत गर्ने भएको छ।

पुरस्कृत हुने पत्रकारहरु कुलचन्द्र न्यौपाने, ओम हमाल, सन्देश श्रेष्ठ, प्रकाश ढकाल र कृपा भण्डारी विभिन्न पुरस्कारबाट सम्मानित हुन लागेका हुन् । छनोट समितिले सिफारिस गरेको नाम महासंघ कास्कीको मंगलबार बसेको बैठकले अनुमोदन गरेको सचिव माधव बरालले जानकारी दिए। उक्त अवसरमा पत्रकार टंक अधिकारी र दीननाथ बराललाई आर्थिक पत्रकारिता पुरस्कारबाट सम्मान गरिने भएको छ।

महासंघ कास्कीले प्रदान गर्ने गजेन्द्र भण्डारी सिर्जनशिल राष्ट्रिय पत्रकारित पुरस्कार २०७९ बाट कुलचन्द्र न्यौपाने, २०८० बाट ओम हमाल सम्मानित हुन लागेका हुन्। यो पुरस्कारको राशी नगद २५ हजार रुपैयाँ रहेको छ।

टंकादेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार २०७९ सन्देश श्रेष्ठ र २०८० प्रकाश ढकाललाई प्रदान गरिने महासंघ कास्कीका सचिव माधव बरालले जानकारी दिए। यस पुरस्कारको राशी २० हजार १ सय ११ रुपैयाँ छ। यस्तै २० हजार ५ सय ५५ रुपैयाँ राशीको जगन्नाथ सिग्देल युवा प्रोत्साहन पुरस्कार २०८० बाट कृपा भण्डारी पुरस्कृत हुन लगेकी हुन् । पुरस्कृत पत्रकार हरुलाई माघ १२ गते गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको उपस्थितीमा सम्मान गरिने महासंघ कास्की अध्यक्ष विमला भण्डारीले जानकारी दिईन्।

# पूर्व मुख्यमन्त्री पोखरेललाई मातृशोक

पोखरापत्र संवाददाता
पोखरा, ९ माघ

गण्डकी प्रदेशका पूर्व मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई मातृशोक परेको छ। पोखरेलकी आमा स्वतन्त्रता सेनानी द्रौपदाको १०२ वर्षको उमेरमा मंगलबार बिहान काठमाडौं रानीबारीस्थित आफ्नै निवासमा निधन भएको हो । द्रौपदा कान्छा छोरा सुवाससँग थिइन् ।

तनहुँको म्याग्देमा जन्मेकी द्रौपदाको विसं १९९२ सालमा तनहुँ राम्चेकै गोवर्द्धन शर्मा पोखरेलसँग विवाह भएको थियो। २००७ सालको क्रान्ति र त्यसभन्दा अघिदेखि नै प्रजातन्त्रका लागि जुध्दै आएकी द्रौपदा नेपाली कांग्रेसको केन्द्रीय सदस्य समेत भइकी थिइन् । पति गोवर्द्धन शर्मालाई राजनीतिमा लाग्न प्रेरित गर्ने उनी आफू परिवार सम्हालेर समाज सुधारको अभियानमा लागेकी थिइन् । उनलाई नजिकबाट चिन्नेहरु भन्छन्, 'गोवर्द्धन शर्मा समाज र राजनीतिकको उचाइमा पुग्नुमा द्रौपदाकै साथ महत्वपूर्ण थियो।' द्रौपदा शर्माको जीवन राजनीतिबाट दिक्षीत, जुझारु र आदर्शपूर्ण थियो। पटकपटकको सर्वस्वहरण, पतिमा लामो निर्वासन, पति गोवर्द्धनले दलितसँगै बसेर खाना खाएपछिको सामाजिक बहिस्कारजस्ता उत्पीडन खेप्दै ४ छोरा अनि २ छोरी हुर्काएकी द्रौपदा संघर्षको अर्को नाम हो। २००७ सालको क्रान्तिअघि उनी स्थानीय महिला संघको अध्यक्ष बनेकी थिइन । पतिका नाममा तनहुँमा स्थापित गोवर्द्धन शर्मा स्मृति ट्रस्टको संस्थापक अध्यक्ष उनी हाल संरक्षक थिइन् ।

उनका पति गोवर्द्धन शर्मा पोखरेलको २०४६ वैशाख ९ गते निधन भएको थियो। द्रौपदाका ४ भाइ छोरा र २ छोरी छन् । जेठा छोरा रामचन्द्र पोखरेल संविधानसभा सदस्य हुन् । जिल्ला विकास समिति तनहुँका पूर्व सभापति भइसकेका रामचन्द्रले नेपाली काँग्रेस केन्द्रीय कार्यालयको मुख्य सचिवको जिम्मेवारी समेत निभाए । पूर्व मुख्यमन्त्री कृष्णचन्द्र द्रौपदाका माइला छोरा हुन् । साइँला छोरा डा. जगदीशचन्द्र पोखरेल राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष हुन् । कान्छा छोरा सुवासचन्द्र अमेरिका बस्ने भए पनि आमाकै सुसारकै लागि काठमाडौं थिए । द्रोपदाका २ छोरी सत्यम्वदा र प्रियम्वदा छन् । द्रौपदाको मंगलबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ।

# सङ्घीय संसद्को बैठक माघ २२ गते आह्वान गर्न राष्ट्रपति समक्ष सिफारिस

रासस
काठमाडौं, ९ माघ

सरकारले यही माघ २२ गते सङ्घीय संसद्को अधिवेशन आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले यही माघ २२ गते अपराह्न ४ बजे सङ्घीय संसद्को बैठक आह्वानका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । बैठकले जापान सरकारबाट कोटेश्वर क्षेत्रको सडक पूर्वाधार निर्माण कार्यान्वयनका लागि प्रस्तावित ३४ अर्ब ४९ करोड जापानी येन (करिब रु ३१ अर्ब दुई करोड) बराबरको सहुलियतपूर्ण ऋण सहायतासम्बन्धी मस्यौदा सम्झौतालाई अन्तिमरुप दिन जापान सरकारसँग वार्ता गर्न वार्ता टोली गठन गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियमन १६ को उपनियम १० को खण्ड (क) बमोजिम डा असिम भण्डारीलाई राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको संयोजक पदमा मनोनयन गरेको छ।

# आलु खेतीमा रोगको प्रकोप

पोखरापत्र संवाददाता
म्याग्दी, ९ माघ

समयमै पानी नपर्नु, सिँचाइको अभाव र वातावरणीय प्रतिकूलताका कारण म्याग्दीमा गरिएको व्यावसायिक आलु खेतीमा रोगको प्रकोप देखिएपछि किसान चिन्तित भएका छन् ।

पश्चिम म्याग्दीको बेनी नगरपालिकाका साथै मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका प्रायःजसो जमिनमा गरिएको आलु खेतीमा डढुवा रोग देखिएको र रोगका कारण बोटहरू सुक्न थालेका स्थानीय सम्बन्धित क्षेत्रका कृषि प्राविधिकहरूले बताएका छन् ।

जिल्लाका बेनी नगरपालिका-२ बगरफाँट र खबराका साथै मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका विभिन्न क्षेत्रमा व्यावसायिकरूपमै आलु खेती गरिएको छ। आलुको बोट सुक्न थालेपछि किसानले औषधि प्रयोग गर्न थालेका छन्। कतिपय ठाउँमा औषधि प्रयोग गरे पनि रोगको प्रकोप कम हुनाको साटो रातो कमिलासमेत देखिन थालेको मालिका गाउँपालिका-६ का किसान डकमाया पुन बताउनुहुन्छ। पश्चिम म्याग्दीका किसान भने पछिल्लो समय परम्परागत बाली छोडेर आलु खेतीतर्फ आकर्षित हुँदै आएका छन्। गहुँ, जौ, उवा र फापरखेती गर्ने किसान पछिल्लो समय ती बाली छोडेर आलु खेती लगाउँदै आएका हुन्। पश्चिम म्याग्दीको मालिका गाउँपालिकाको निस्कोट, रुम, दरबाङ र बिम, मङ्गला गाउँपालिकाको रणबाङ, अर्मन, नेटालगायत धौलागिरि गाउँपालिकाको अधिकांश वडाका किसान परम्परागत अन्नबाली छोडेर आलु खेतीतिर लागेका ती गाउँपालिकाका कृषि प्राविधिकको भनाइ छ।

मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँ किसानले उत्पादन गरेको आलु बजारमा सहजरूपमा बिक्री हुन थालेपछि नगदेबालीको रूपमा आलुलगायत तरकारी खेतीतर्फ किसानको आकर्षित भएका बताउनुहुन्छ । उच्च वातावरणमा उब्जेको जैविक आलु स्वादिलो र छिटो पाक्ने भएकाले यसको माग बढ्दै गएपछि यहाँका किसान त्यसतर्फ आकर्षित भएका मालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाको भनाइ छ । आलु जति फलाए पनि बिक्रीका लागि चिन्ता नभएको उहाँ उल्लेख गर्नुहुन्छ । आलु फलाएपछि मौसमीभन्दा बेमौसमीमा यसको भाउ धेरै पाइने मालिका-२ रुमका किसान टेकबहादुर विक बताउनुहुन्छ ।

अधिकांश किसानले लगाएको आलुमा मौसम परिवर्तन भएसँगै डढुवाको समस्या देखिएको हो । चिसो मौसम सुरुआत भएपछि किसानले आलु खेतीमा ध्यान नदिँदा लगाइएका कतिपय आलु खेती नष्ट भएको मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँको भनाइ छ। रघुगङ्गा-६ पाखापानी र ठाडाखानीका किसानले लगाएको आलुमा पनि डढुवाको सङ्क्रमण फैलिएको ठाडाखानीका किसान दलबहादुर छन्त्याल बताउनुहुन्छ । खेती गर्दा ध्यान दिए र प्राविधिकको सल्लाहअनुसार समयमै खेतीपातीको रेखदेख गरेमा आलुलाई रोगका किरा लाग्नबाट बचाउन सकिनेमा कृषि प्राविधिकहरू जोड दिन्छन् । म्याग्दीमा व्यावसायिकरूपमा एक सय हेक्टरभन्दा बढी जमिनमा आलु खेती गरिएको छ। आलु सुपरजोन, स्थानीय पालिका र किसानको साझेदारी बीउमा अनुदान पाई किसानले करिब एक हजार क्विन्टल आलुको बीउ लगाएको कृषि ज्ञान केन्द्रले जनाएको छ । पछौटे डढुवा आलु बालीमा लाग्ने रोगमध्ये प्रमुख रोग भएको र यसको क्षतिको क्रम हरेक वर्ष विकराल रूपमा बढिरहेको कृषि प्राविधिक बानियाँ बताउनुहुन्छ । उहाँका अनुसार पहाडी जिल्लामा पनि बर्सेनि यो रोगको प्रकोप बढिरहेको छ र ताईंका जिल्लामा महामारीका रूपमा फैलिसकेको छ।

यसको लक्षण सुरुको सङ्क्रमण अवस्थामा पातमा हल्का हरियो रङ्का विभिन्न आकारका थोप्ला देखिन्छ । अनुकूलन वातावरण पाइहेमा थोप्लाको भित्री भागमा खैरो एवं सुकेको देखिन्छ। ओसिलो वातावरणमा ढुसीको अत्यधिक विकास भई पातको तल्लो सतहमा थोप्ला वरिपरि कपासको घेराजस्तो देखिन्छ। रोग बढ्दै गयो भने पूरै पात सुकेर डढेजस्तो र अनुकूल वातावरण भइरह्यो भने पात, काण्ड, डाँठ र दानामा समेत सङ्क्रमण हुने प्राविधक बानियाँ बताउनुहुन्छ । विशेषज्ञका अनुसार फाइटफथोरा इन्फेस्टेन्स नामक ढुसी नै यो रोगको प्रमुख कारक बनेको छ। यस प्रजातिका ढुसीमध्ये मेटिङ टाइप पी-१ र मेटिङ टाइप पी-२ नामक उपप्रजाति नेपालमा पाइएका छन्। यो रोग फैलिन वायुमण्डलको सापेक्षिक आद्रता ८० दशमलव ९५५ र रातिको तापक्रम दस दशमलव १२ डिग्री सेल्सियस भएमा र लामो समयसम्मको वातावरणमा सिमसिमे पानी पर्नु, दिनमा घाम नलागेर बादल लाग्नाका साथै हावा, पानी, बीउ र माटोको माध्यमबाट यो रोग देखापर्छ । म्याग्दीमा आलु मौसममा प्रतिकिलो रु ६० देखि रु ९० सम्ममा बिक्री हुन्छ भने बेमौसममा रु एक सयदेखि रु एक सय ४० सम्ममा बिक्री गर्न सकिने सम्बद्ध किसान बताउँछन्। यस्तै आलु उत्पादक किसानका लागि भण्डारण, बजारीकरण र नयाँ प्रविधि विस्तारमा स्थानीय पालिका र कृषि ज्ञान केन्द्रले सहयोग गर्न आवश्यक रहेको उनीहरूको भनाइ छ।

# जनमत पार्टी मधेस प्रदेश सरकारबाट बाहिरियो

रासस
काठमाडौं, ९ माघ

जनमत पार्टी मधेस प्रदेश सरकारबाट बाहिरिएको छ।

पार्टीबाट सरकारमा सहभागी शिक्षा तथा संस्कृतिमन्त्री र श्रम तथा यातायातमन्त्रीले मुख्यमन्त्री सरोजकुमार यादवसमक्ष राजीनामा पत्र बुझाएसँगै जनमत पार्टी सरकारबाट बाहिरिएको हो। मधेस प्रदेश सरकारका प्रवक्ता एवं गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समीमले जनमत पार्टीका मन्त्रीले मुख्यमन्त्री यादवसमक्ष सामूहिकरूपमा राजीनामा बुझाउनुभएको जानकारी दिनुभयो । यसअघि आजै जनमत पार्टी मधेस प्रदेश संसदीय दलका नेता एवं शिक्षा तथा संस्कृतिमन्त्रीसमेत रहनुभएका महेशप्रसाद यादवले संसदीय दलको निर्णयअनुसार सरकारलाई दिएको समर्थन फिर्ता लिइएको पत्र प्रदेश प्रमुख हरिशङ्कर मिश्रलाई बुझाउनुभएको थियो । "मधेस प्रदेशको मुख्यमन्त्री नियुक्त गर्नका लागि नेपालको संविधानको धारा १६८ अनुसार जनमत पार्टीको समर्थन रहेकामा आजैका मितिबाट संसदीय दलको बैठकको निर्णयअनुसार सो समर्थन फिर्ता लिइएको जानकारी गराउँदछौं", प्रदेश प्रमुख मिश्रलाई बुझाएको पत्रमा भनिएको छ । यादवले सरकार गठन भएको एक वर्षसम्म पनि सरकारले प्रभावकारीरूपमा काम गर्न नसकेको र सरकारमा रहेका आफ्नो पार्टीका मन्त्रीलाई समेत काम गर्ने वातावरण नरहेको भन्दै राजीनामा बुझाएको बताउनुभयो । "हामीलाई दिएका मन्त्रालय फुटाउने, बिनाविभागीय भूमिका दिने, केही काम गर्न खोजेमा अवरोध गर्ने र हाम्रै मातहतमा रहेका मन्त्रालय तथा सम्बद्ध कार्यालयका गतिविधिसमेत हामीलाई जानकारी नदिएर गर्नेजस्ता कारणले सरकारमा बसिरहन उचित लागेन । त्यसैकारण हामीले सरकारबाट बाहिरिँदै समर्थन फिर्ता लिने निर्णयबारे प्रदेश प्रमुखलाई र मुख्यमन्त्रीलाई जानकारी गराएका छौं", यादवले सञ्चारकर्मीसमक्ष भन्नुभयो । मधेस प्रदेशसभामा जनमत पार्टीका १३ सदस्य रहनुभएको छ।

# प्रधानमन्त्री कप क्रिकेट : गण्डकीद्वारा बागमती पराजित

रासस
काठमाडौं, ९ माघ

प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत गण्डकी प्रदेशले बागमती प्रदेशलाई पराजित गरेको छ । गण्डकीले बागमतीलाई तीन विकेटले हराएको हो । गण्डकीको यो दोस्रो जित हो।

गण्डकी पाँच खेलमा चार अङ्क जोड्दै अङ्क तालिकाको आठौं स्थानमा छ। त्यस्तै बागमती सात खेलमा आठ अङ्कका साथ तालिकाको दोस्रो स्थानमा छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा बागमतीले टस जितेर ४९ दशमलव एक ओभरमा सबै विकेट गुमाएर एक सय ९८ रन बनायो। एक सय ९९ रनको विजयी लक्ष्य गण्डकीले तीन बल बाँकी छँदा सात विकेट गुमाउँदै पूरा गऱ्यो।

गण्डकीका लागि किरण पङ्गेनीले सर्वाधिक ७९ रनको योगदान दिए । उनले ९८ बलमा ६ चौका र तीन छक्का हाने । यस्तै ईश्वर क्षेत्रीले ३६, मुस्कान थापाले २७, कमल परियारले २० तथा समिर कँडेलले १९ रन बनाए । बलिङतर्फ बागमतीका प्रतिश जिसीले दुई, रिजन ढकाल, सूर्य तामाङ र विपीन आचार्यले एक एक विकेट लिए। त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा बागमतीका लागि आँशुतोष घिरैयाले सर्वाधिक ४४ रनको योगदान दिए।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाव | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : स्वस्थ्यमा सुधार |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गरिने

**पोखरापत्र संवाददाता**
दमौली, ९ माघ

राष्ट्रिय भूमि आयोग तनहुँले भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने निर्णय गरेको छ। विसं २०७८ फागुन १६ गते गठन भएको आयोगले पहिलो पटक भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने निर्णय गरेको हो।

आयोगको गत पुस २३ गतेको निर्णयअनुसार भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने निर्णय भएको आयोगका अध्यक्ष रामचन्द्र अधिकारीले जानकारी दिनुभयो। उहाँका अनुसार आँबुखैरेनी गाउँपालिका-२ का १३ जनालाई जग्गा वितरण गर्न लागिएको हो। उहाँले भन्नुभयो, "निजहरूलाई माघ २ गतेदेखि १५ दिनभित्र जग्गा दर्ताका लागि आयोगको कार्यालयमा परिवार मूली र निजको पति वा पत्नी उपस्थित हुन सूचना जारी गरिएको छ।"

आयोग गठन भएपश्चात् पहिलोपटक जिल्लामा भूमिहीनलाई जग्गा वितरण गर्न लागिएको उहाँको भनाइ छ। अधिकारीले भन्नुभयो, "यसअगाडि गाउँपालिकाले निस्सा वितरण गरेका उक्त वडाका व्यक्तिहरूको जग्गा नापजाँचपश्चात् दाबी पुगेका १३ जनालाई जग्गा वितरण गर्न लागिएको हो, पालिकाबाट १६ जनाको नाम आए पनि तीनजनाको जग्गा देखिएकाले १३ लाई जग्गा वितरण गर्छौं।"

आयोगका अध्यक्ष अधिकारीका अनुसार निकट भविष्यमै देवघाट गाउँपालिका-५ र शुक्लागण्डकी नगरपालिका-२ मा पनि भूमिहीन सुकुम्बासीलाई जग्गा वितरणको तयारी गरिएको छ। उहाँले भन्नुभयो, "क्रमशः सबै भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गर्ने आयोगको लक्ष्य छ।"

आयोगका अनुसार हालसम्म शुक्लागण्डकी नगरपालिका,बन्दीपुरगाउँपालिका, आँबुखैरेनी गाउँपालिका, देवघाट गाउँपालिका-५, व्यास नगरपालिकाका केही वडामा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदनको निस्सा वितरण गरिएको छ।

जिल्लाका दश पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ जनाको निवेदन दर्ता भएको छ। जिल्लाको आँबुखैरेनी-२, देवघाट-५ देउपुर टोल र शुक्लागण्डकी-७ स्याउली बजार, बन्दीपुर-१ मा जग्गा नापजाँच भइरहेको छ।

# सुनजस्तै तनहुँका सुन्तला

**कृष्ण न्यौपाने**
दमौली, ९ माघ

तनहुँको म्याग्दे गाउँपालिका-२ उमाचोकका विश्वबहादुर अधिकारीले यो वर्ष सुन्तला बेचेर रु ७५ लाख आम्दानी गर्नुभयो। विसं २०५२ बाट व्यावसायिकरूपमा सुन्तला खेतीमा आबद्ध उहाँले सुन्तला खेतीबाट मनग्य आम्दानी गरिरहनुभएको छ।

गाउँको भिरालो जग्गालाई सदुपयोग गरी सुन्तला खेती गर्नुभएका अधिकारीको सुन्तला बगैँचामा एक हजार तीन सयभन्दा बढी बोट छन्। सबैभन्दा धेरै यही वर्ष सुन्तला उत्पादन भएको अधिकारीको भनाइ छ। उहाँले भन्नुभयो, "अन्य वर्ष रु ६०/७० लाखको उत्पादन भएको छ। यो वर्ष सबैभन्दा धेरै उत्पादन भयो।" सुन्तला खेतीका लागि वार्षिक रु १५ लाख खर्च हुने गरेको अधिकारीको भनाइ छ। उहाँले भन्नुभयो, "यो वर्ष खर्च पहिलाभन्दा थोरै बढ्छ। यो वर्ष खेताला बढी लगाउनुपरेको र मलखादको प्रयोगका कारण खर्च बढी हुन्छ।" फलेका सुन्तला सबै टिपिसकेपछि सुन्तला बोटको गोडमेल गरिने अधिकारीले बताउनुभयो। उहाँले भन्नुभयो, "सबै सुन्तला टिपिसकेपछि सुन्तलाको बोटमा गोडमेल गर्ने, मल हाल्ने, पिना हाल्ने काम हुन्छ।" सुन्तला बिक्रीबाट भएको आम्दानीले छोरा इन्जिनियर र छोरी डाक्टर भइसकेको अधिकारीले सुनाउनुभयो। सुन्तला बगैँचा सुदृढीकरण, गोडमेल, मलखाद व्यवस्थापन, समयमा औषधोपचार गर्न सके सुन्तलाको दाना राम्रो, रसिलो, गुलियो र उत्पादन राम्रो हुने उहाँको भनाइ छ। सुन्तला बगानसम्म सडक सञ्जाल जोडिएकाले सुन्तला बिक्रीका लागि सहज भएको अधिकारी बताउनुहुन्छ। उहाँले भन्नुभयो, "सुन्तला खरिद गर्न ठेकेदार बगानमा नै आउनुहुन्छ। बजारको कुनै समस्या छैन। बिक्री हुँदैन की भन्ने चिन्ता छैन।" सुन्तला खरिद गर्ने ठेकेदार तुलबहादुर थापाले यहाँ उत्पादित सुन्तला काठमाडौँ लगेर बिक्री गर्ने गरेको बताउनुभयो। "म्याग्देको खानीगाउँ, उमाचोकमा सुन्तला राम्रो भएकाले बगान नै ठेक्का लिएर खरिद गर्ने गरेको छु। यहाँ उत्पादित सुन्तलाका दाना राम्रा हुन्छन्। बजारको समस्या छैन।" देवघाट गाउँपालिका-३ का भीमबहादुर थापाले यो वर्ष रु ५५ लाखको सुन्तला बिक्री गर्नुभएको छ। विगतमा अधियाँ गरेर खानपर्ने बाध्यता रहेको उहाँको परिवारलाई अहिले सुन्तलाले आत्मनिर्भर बनाएको छ। उहाँले भन्नुभयो, "विगतमा केही अन्नबाली उत्पादन नभएर भोकै बस्नुपर्ने बाध्यता रहेका यहाँका किसानले यतिबेला सुन्तला बेचेर मनग्य आम्दानी गर्दै आएका छन्। लुङग्रिङमा एउटै घरबाट रु २० लाखभन्दा बढीको सुन्तला बिक्री भएको छ।"

यी त केही उदाहरणमात्र हुन्। तनहुँमा यो वर्ष किसानले सुन्तला बिक्री गरेर रु ३० करोड भित्र्याएका छन्। जिल्लामा गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ। ज्ञान केन्द्रका बागवानी विकास अधिकृत वीरेन्द्र धितालले यो वर्ष करिब रु ३० करोड बराबरको सुन्तला उत्पादन भएको जानकारी दिनुभयो। यो वर्ष तीन हजार सात सय ५० मेट्रिक टन सुन्तला उत्पादन भएको प्रारम्भिक अनुमान छ। कार्यालयका अनुसार गत वर्ष रु २९ करोड बराबरको सुन्तला उत्पादन भएको थियो। उक्त अवधिमा तीन हजार छ सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो। प्रत्येक वर्ष जिल्लामा सुन्तला उत्पादन बढेको छ। सुन्तला खेतीबाट मनग्य आम्दानी हुन थालेपछि किसान यसतर्फ आकर्षित हुँदै गएका छन्। जिल्लाका आठ हजार पाँच सय ७० हेक्टर क्षेत्रफलमा सुन्तला खेती विस्तारको सम्भावना रहेको छ। कार्यालयले सुन्तला खेती किसानलाई बगैँचा व्यवस्थापनमा सहयोग गर्दै आएको छ। धितालले भन्नुभयो, "किसानलाई सुन्तला बगैँचामै पुगेर पनि आवश्यक परामर्श दिइरहेका छौँ।" उहाँका अनुसार देवघाट-२ र ३, आँबुखैरेनी-५, म्याग्दे ४, व्यास-७, १३ र १४, भिमाद-८ र ९, बन्दीपुर-३, ऋषिङ-३ र घिरिङमा सुन्तला खेती विस्तारको सम्भावना छ।

तनहुँमा उत्पादित अधिकांश सुन्तला काठमाडौँका व्यापारीले लैजाने गरेका छन्। सुन्तला खरिदका लागि व्यापारी बगैँचासम्म पुग्ने गरेका छन्। काठमाडौँका अलवा पोखरा, नारायणगढलगायत ठाउँमा यहाँको सुन्तला बिक्री हुने गरेको छ। यसका साथै जिल्लाकै दमौली, दुलेगौडा, खैरेनीटार, भिमादलगायत ठाउँमा समेत यहाँको सुन्तला बिक्री हुने गरेको किसान बताउँछन्। ज्ञान केन्द्रले चालु आर्थिक वर्ष २०८०/८१ मा सुन्तला खेतीमा सहयोग गर्न रु एक करोड बजेट विनियोजन गरेको छ। कार्यालयले किसानलाई बगैँचा व्यवस्थापनका लागि उक्त रकम सहयोग गर्ने जनाएको छ। जिल्लाका अधिकांश ठाउँमा व्यापारी नै बगैँचासम्म पुगेर सुन्तला खरिद गर्ने गरेका छन्।

यसैगरी तनहुँको देवघाट गाउँपालिका-३ स्थित लुङ्ग्रिङ, छिपछिपे, छापस्वारा, दगरालगायत ठाउँमा उत्पादित सुन्तला बजारसम्म ढुवानीका लागि भने प्रत्येक वर्ष समस्या हुँदै आएको छ। ती ठाउँबाट वार्षिक करोडौँ मूल्यका सुन्तला उत्पादन भए पनि बजारसम्म लैजान समस्या हुँदै आएको हो। नदीपारि रहेको लुङ्ग्रिङ, छिपछिपे, छापस्वारा, दगरा गाउँलाई राजमार्गसम्म जोड्न त्रिशूली र सेती नदीमा पुल नहुँदा सुन्तला बजारसम्म सुन्तला ढुवानीका लागि समस्या हुँदै आएको सुन्तला किसान भीमबहादुर थापाको गुनासो छ। उहाँका अनुसार लुङ्ग्रिङ र छिपछिपेका किसानले बुद्धसिंह मार्गको नाल्दीघाट र मुग्लिङ-नारागणगढ सडकको गाईघाटसम्म जिपमा ल्याएर त्यहाँबाट बोकाएर झोलुङ्गे पुल तारेर राजमार्गसम्म ल्याउने गरेका छन्। छापस्वाँरा र दगराका किसानले भने ग्राभिटी रोपवेमार्फत बुद्धसिंह मार्गमा झारेर त्यहाँबाट दमौली हुँदै काठमाडौँ सुन्तला ढुवानी गर्ने गरेको उहाँले बताउनुभयो। सुन्तला उत्पादनमा देवघाट जिल्लाकै पकेट क्षेत्रका रूपमा विकास भइरहेको छ। किसान थापाका अनुसार यस वर्ष लुङ्ग्रिङ गाउँबाट रु तीन करोडभन्दा बढीको सुन्तला बिक्री भएको छ। नाल्दी र गाईघाटमा पुल भएको भए ढुवानीका लागि सहज हुने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पुल नहुँदा ढुवानीका लागि खर्च हुँदै आएको छ। यसले किसानलाई समस्या भएको छ।" पुल नहुँदा दगराका किसानले रोपवेमार्फत सुन्तला राजमार्गसम्म झार्ने गरेको सुन्तला उत्पादक किसान हरिकुमार श्रेष्ठको भनाइ छ। उहाँले भन्नुभयो, "पुल भएको भए समस्या हुन्थेन, पुल नहुँदा वर्षौंदेखि यहाँ उत्पादित कृषिजन्य सामग्री रोपवेमा राखेर राजमार्गसम्म ल्याउनुपर्छ।" यहाँका स्थानीयवासीले गाउँमा उत्पादित सुन्तला, अदुवा, केरा तथा अन्य फलफूल रोपवेबाट राजमार्गसम्म झार्ने गरेको श्रेष्ठले बताउनुभयो। दगरा र छापस्वाँराका करिब ६० घरको ढुवानीको साधन नै रोपवे भएको छ। रोपवे हुँदा ढुवानीमा भने सहज भएको कृषकको भनाइ छ। श्रेष्ठका अनुसार सेती नदीमा पुल निर्माण गर्न सके गाउँसम्मै सवारी साधन पुग्ने र त्यसले सहज हुन्थ्यो। देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले देवघाट गाउँपालिकाको भौगोलिक बनावटका कारण किसानलाई सास्ती भएको बताउनुभयो। उहाँले भन्नुभयो, "नदीमा पुल नहुँदा ढुवानीमा समस्या भइरहेको छ। नाल्दीघाट, घुमाउने र गाईघाटमा पुल बन्न सकेमात्रै किसानलाई सजिलो हुन्छ।" नाल्दीबाट लुङ्ग्रिङसम्म जाने ग्रामीण सडकलाई गाउँपालिकाले सुन्तलामार्ग नामकरण गरी बजेट विनियोजन गरेको छ। यस ठाउँमा पुल निर्माणका लागि सङ्घीय सरकारलाई ध्यानाकर्षण गराइएको उहाँको भनाइ छ। गाउँपालिकाले सुन्तला उत्पादक किसानलाई लक्षित गरी सुन्तला नर्सरी स्थापना गर्न रु ३० लाख बजेट विनियोजन गरेको छ। उक्त नर्सरीमा बिरुवा उत्पादन गरेर इच्छुक किसानलाई निःशुल्क वितरण गरिने बताइएको छ। देवघाट गाउँपालिका-१, २, ३ र ४ का विभिन्न भागमा सुन्तला उत्पादन हुन्छ। प्राक्टिकल एक्सन नेपालको आर्थिक सहयोग तथा एनजीओ नेटवर्क तनहुँको प्राविधिक र समाजिक सयोगमा आर्थिक वर्ष २०६६/६७ मा जिल्लाभर चारवटा सुधारिएको तुइन र चारवटा ग्राभिटी रोपवे निर्माण गरिएको थियो। त्यसमध्येको एक दगरा र छापस्वाँरा जोड्ने रोपवे हो।

# लोककल्याणकारी विज्ञापनको रकम दोब्बर गर्न काउन्सिलको सुझाव

**रासस**
काठमाडौं, ९ माघ

प्रेस काउन्सिल नेपालले पत्रपत्रिका प्रकाशन गरेबापत पाउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम दोब्बर वृद्धि गर्न सरकारलाई सुझाव दिएको छ।

काउन्सिलले मंगलबार विज्ञप्ति जारी गर्दै हालै बसेको बोर्ड बैठकबाट लोककल्याणकारी विज्ञापनबापतको रकम लामो समयसम्म वृद्धि नभएको र टिकाइरहन कठिनाइ भएको भन्दै रकम दोब्बर गर्न सुझाव दिने निर्णय गरेको हो। काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालद्वारा जारी विज्ञप्तिमा छापा माध्यमलाई टिकाइराख्न समस्या आइरहेको सन्दर्भमा प्रादेशिक र स्थानीय निकायका विज्ञापन/सूचना तत्तत् स्थानका पत्रपत्रिकाले नपाएको विषयमा समेत काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ। "बैठकले स्थानीय र प्रदेशस्तरका सरकारी विज्ञापन/सूचना प्रकाशनका लागि स्थानीय र प्रदेश स्तरका पत्रपत्रिकालाई प्राथमिकताका साथ उपलब्ध गराउन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरेको छ", विज्ञप्तिमा भनिएको छ। खरिदसम्बन्धी सूचना विद्युतीय खरिदसहित प्रेस काउन्सिल नेपालबाट वर्गीकरणमा परेका पत्रपत्रिकामा प्रकाशन गर्न मिल्ने गरी आवश्यक व्यवस्था गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सुझाव दिने काउन्सिलले निर्णय गरेको छ।

"सरकारी कार्यालय रहेको स्थानका सञ्चारमाध्यममा समेत सूचना प्रकाशन गर्न मिल्ने गरी सार्वजनिक खरिदसम्बन्धी कानुन संशोधन गर्न नेपाल सरकारलाई आवश्यक सुझाव लेखी पठाउने निर्णयसमेत भएको छ", विज्ञप्तिमा भनिएको छ। सूचना प्रविधिमा दिनानुदिन बढ्दो विकासक्रम, सामाजिक सञ्जालको प्रभाव र विभिन्न प्राकृतिक प्रकोप, महामारीलगायत कारण नेपालको पत्रकारिता क्षेत्र प्रभावित हुँदै आएको र यसको प्रत्यक्ष प्रभाव छापा माध्यममा बढी परेकाले यस्तो निर्णय गरेको काउन्सिलले जनाएको छ। "सबै छापा माध्यम चरम सङ्कटमा छन्। स्थानीय र प्रदेशस्तरका छापामाध्यम झन् अस्तित्व रक्षाको चरणमा रहेकाले सूचना प्रविधिको पछिल्लो विकासक्रमसँग जोड्दै सुधार हुन जरुरी छ", काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले भन्नुभयो, "राज्यस्तरबाट पनि छापा माध्यमलाई बचाउन विशेष ध्यान दिनुपर्ने अवस्था आएकाले यो निर्णय गरिएको हो।"

# जीर्णोद्धारको पर्खाइमा भैरवस्थान मन्दिर

**रासस**
बागलुङ, ९ माघ

"भिरालो जग्गामा चट्टानमाथिको सानो मन्दिर, दर्शनार्थीलाई मन्दिर घुम्नै अफ्यारो थियो", २०४७ साल अघिको बलेवा कालभैरवलाई सम्झँदै स्थानीय ९६ वर्षीय देवीप्रसाद पाठकले भन्नुभयो, "दर्शनार्थीहरू भिरालो मन्दिरको पेटीबाट लड्थे पनि तर अहिले त्यस्तो छैन, मन्दिर परिसर फराकिलो भएको छ, भिरालो जग्गामा तारबार गरिएको छ, मन्दिर परिसरमै सडक पुगेको छ तर मुख्य मन्दिर ३३ वर्षयता उस्तै छ।"

उहाँका अनुसार मन्दिरको प्रचारप्रसार र महिमा पछिल्लो समय बढेको भए पनि मन्दिर जीर्णोद्धारमा भने कसैको नजर पुगेको छैन। पाठकले भैरवस्थान आउने सडक बनेको, अन्य पूर्वाधार बनेको भन्दै मन्दिर पुनःनिर्माण गरी भव्य बनाउन आवश्यक रहेको बताउनुभयो। एक दशकयताको सर्वसिद्धिधाम पञ्चकोटमा अहिले बनेको भौतिक संरचना देख्दा यो तीन सय वर्षभन्दा पुरानो मन्दिर जीर्णोद्धारमा कसैको ध्यान नपुगको देख्न सकिन्छ।

विसं २०४७ मा रु ५० हजार लागतमा मर्मत सम्भार गरिएको बलेवा कालभैरव मन्दिरकोस्वरुप अझै उस्तै छ। पछिल्लो समय मन्दिरका नाममा लाखौँ बजेट खर्च भइरहे पनि मुख्य मन्दिर भने जीर्ण अवस्थामै छ। मन्दिर वरपरको भाग चिरिच्याट्ट पारिएको छ। ढुङ्गा छापिएको छ। सत्तल र कार्यालय भवन निर्माण गरिएको छ। ढुङ्गा माटोको मन्दिरलाई पुनःनिर्माण गरी ३३ वर्ष अघि केही ठूलो बनाइएको थियो। अहिले मन्दिरको रेलिङको केही भाग चर्किएको समेत छ। मन्दिरसमेत साँघुरो र पूजा गर्न समस्या भएको हुन थालेको छ।

मन्दिरको क्षेत्रफल बढाउन रु .५० लाख लागतमा बागलुङ नगरपालिकाले पक्की पर्खाल बनाएको, तारबार गर्न सहयोग गरिरहेको छ भने गण्डकी प्रदेश सरकारले मन्दिर वरपरको क्षेत्रमा लगानी गरिरहेको छ। कालभैरव मन्दिरको मुख्यस्वरुप भने जीर्ण बनेको र पुनःनिर्माणको आवश्यकता खड्किएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र ढकालले बताउनुभयो। "मन्दिरको २०४७ सालयता मर्मत हुन सकेको छैन। मन्दिरको पुनःनिर्माण आवश्यक छ, मन्दिर व्यवस्थापन समिति नहुँदा जीर्णोद्धारको काम प्रभावित बन्यो, ६ वर्षपछि बल्ल मन्दिर व्यवस्थापन समितिले पूर्णता पाएको छ", ढकालले भन्नुभयो "मन्दिरको निर्माणको डिपिआर बनाएर अघि बढ्छौँ, डिपिआरपछि बजेटको माग गरिनेछ, अहिले मन्दिरमा कोषसमेत वृद्धि भइरहेको छ, केहीवर्षपछि कोषलेनै सानोतिनो काम गर्न सक्छ।" ढकालका अनुसार मन्दिर जीर्णोद्धारका लागि डिपिआर निर्माण यसैवर्ष व्यवस्थापन समितिले गर्ने छ।

वार्षिक रु नौ लाख ठेक्कामा भेटीबाट राजस्व उठाउँदै आएको मन्दिरले व्यवस्थापन समितिलेनै पूजा गराउँदा कोष वृद्धि हुने योजनामा पनि छ। बागलुङ नगरपालिका-१२ अमलाचौरमा रहेको कालभैरव मन्दिर भकुण्डे र रायडाँडासँगसमेत सिमाना जोडिएको छ। मन्दिरको प्रचारप्रसारका कारण टाढाटाढाबाट दर्शनार्थी आउने भए पनि उनीहरूलाई खानेपानी, आश्रयस्थल लगायतको पनि अभाव छ।

विसं १७८० तिर पाल्पाबाट ल्याइएका कालभैरवलाई यहाँ स्थापना गरिएको किम्मदन्ती छ। मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुनेगर्दछ भने दसैँ र चैते दसैँमा मन्दिरमा दर्शनार्थीको बढी भीड लाग्ने गरेको मन्दिरका पुजारी पदमबहादुर शाहीले बताउनुभयो। मनोकांक्षा पूरा हुने जनविश्वासका कारण पछिल्लो समय मन्दिरमा दर्शनार्थीको सङ्ख्या बढ्दै गइरहेको छ। चालु आर्थिक वर्षमा मन्दिर प्रवेशद्वार र फूलप्रसादको व्यावसायिक सटर निर्माण गरिने मन्दिर व्यवस्थापन समितिले जनाएको छ।


## ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

**(प्रकाशित मिति २०८०/१०/१०)**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि. का तपसील बमोजिमका सदस्यले चल अचल सम्पत्ति धितो सुरक्षणमा राखी ऋण लिनुभएको ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्ने बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समय भित्र नतिरी नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा समेत आफूले बुझाउनुपर्ने पूरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु हुन यो सूचना जारी गरिएको छ। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस सस्थालाई धितो सुरक्षण बापत लेखी लेखाई दिएको धितो चल अचल श्रीसम्पत्तिबाट सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी संस्थाले लेना असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने समेत जानकारी गराईन्छ।

**तपसील**

| क्र.स | ऋणीको नाम थर ठेगाना | जमानी बस्नेको नाम, थर ठेगाना | धितो सुरक्षण विवरण |
|---|---|---|---|
| १ | नाम : जिवन सुनार<br>बाबुको नाम : भोज बहादुर सुनार<br>बाजेको नाम : भुमान सिं<br>ठेगाना : पोखरा.२८,कास्की<br>(हाल पोखरा १६)<br>ना.प्र.नं. : ४६-०१-७१-११७९२, कास्की<br>जारी मिति : २०७१/१२/२९ | नाम : भोज बहादुर सुनार<br>बाबु : भुमान सिं निार<br>बाजे : जहर सिं सुनार<br>ठेगाना : पो.म.न.पा.२८, कास्की<br>(हाल पोखरा १६)<br>ना.प्र.नं. : २२८९ कास्की<br>जारी मिति : २०७१/०८/१५ | जिवन सुनारको नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको साविक अर्मला १ हाल पो.म.न.पा १६, स्थित कि.न. १२१७ र १२१८ कुल क्षेत्रफल १५५५/९४ व. मी. र सो जग्गामा रहेको घर समेत। |

नोट : यस संस्थाबाट कर्जा लिई कर्जाको किस्ता ब्याज नियमित नबुझाउने अन्य ऋणीहरुलाई समेत यसै सूचनालाई आधार मानी भाखा नाघेको साँवा, ब्याज बुझाई कर्जा नियमित गर्नु गराउनु हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ। अन्यथा यसै बमोजिम ऋणी धितो जमानी दिनेको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरी संस्थाले असूल उपर प्रक्रिया अगाडि बढाउने व्यहोरा अवगत गराईन्छ।

**विस्तृत जानकारीको लागि**
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
**पोखरा ८, सभागृहचोक**
**फोन नं.: ०६१-५८०७९६, ५४४७९५**